म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ४६ २०८१ पुस १८ गते बिहीबार 2 January 2025, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

न्यौपाने मृत फेला

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-४, बुढीचौरमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा मेलम्ची नगरपालिका-४, पिप्ले बस्ने ४५ वर्षीय राजन न्यौपाने रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । न्यौपाने बुढीचौरस्थित भित्री कच्ची बाटोबाट एक सय मिटर तल गोरेटो बाटोमा सुतेको अवस्थामा मृत फेला परेका थिए । अनुसन्धानका क्रममा न्यौपानेले दैनिक मादक पदार्थ सेवन गर्ने, घरमा नबस्ने र बाहिर काम गर्ने गरेको पाइएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि नगर अस्पताल मेलम्ची लगिएको प्रहरीले जानकारी दिएको छ ।

मउवासंघमा ८ सय सदस्य घट्यो

सबै पदमा प्रत्यक्ष निर्वाचन हुँदै

समाज संवाददाता

हेटौंडा : मकवानपुर उद्योग वाणिज्य संघमा झण्डै ८ सय उद्योगी, व्यवसायी घटेका छन् । ३ वर्षअघि सम्पन्न साधारणसभाको तुलना आसन्न साधारणसभामा नवीकरण भएका उद्योगी, व्यवसायीको संख्यालाई हेर्दा झण्डै ८ सयको संख्यामा उद्योगी व्यवसायी घटेको पाइएको हो । पुस ९ गतेसम्म नवीकरणका लागि समय दिइएकोमा २ हजार ९२ जना उद्योगी, व्यवसायीले सदस्यता नवीकरण गराएका छन् ।

३ वर्षअघि सम्पन्न साधारणसभामा २ हजार ९ सय ७ वटा उद्यमी, व्यवसायी सदस्य थिए। यही पुस २४ गते मकवानपुर उद्योग वाणिज्य संघको साधारणसभा हुँदैछ। साधारणभाले नयाँ समिति समेत चयन गर्नेछ । नवीकरण भएका मध्ये पनि केही कारोबार शून्य भएका उद्यम, व्यवसायको फर्म भएको बताइएको छ । उद्यमी, व्यवसायी चरम समस्यामा परेका बेला मकवानपुर उद्योग वाणिज्य संघको आसन्न साधारणसभामा उद्यमी, व्यवसायीको वास्तविक समस्याका विषयमा साधारणसभामा छलफल र निर्णय हुनेमा सदस्य व्यवसायीले सकारात्मक अपेक्षा राखेका छैनन् ।

उद्यमी, व्यवसायी चरम समस्यामा परेका बेला मकवानपुर उद्योग वाणिज्य संघको आसन्न साधारणसभामा उद्यमी, व्यवसायीको वास्तविक समस्याका विषयमा साधारणसभामा छलफल र निर्णय हुनेमा सदस्य व्यवसायीले सकारात्मक अपेक्षा राखेका छैनन् ।

आसन्न साधारणसभामा चुनावी सरगर्मी बढेको छ। पुस २४-२७ गतेसम्म हुने साधारणसभाले मकवानपुरका उद्योगी व्यवसायी बीच चुनावी माहोल बढाएको हो। २०८१ बैशाख १६ मा सम्पन्न संघको विशेष साधारण सभाले विधान संशोधन गरी सम्पूर्ण पदहरु प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरेको छ। साधारणसभा संघको एक अध्यक्षसहित एक वरिष्ठ उपाध्यक्ष, विधागत उपाध्यक्ष महासचिव, कोषाध्यक्ष, सचिव पद प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरिएको छ ।

संघको विधान २०५१ को बाह्रौं संशोधनको परिषद् ५ को व्यवस्था अनुसार निर्वाचनबाट महासचिव, कोषाध्यक्ष एक/एक जना, सचिव ४ जना, सह-कोषाध्यक्ष र सदस्यहरु विधानले तोके बमोजिमको संख्या रहने व्यवस्था गरिएको छ भने २ जना सदस्यहरु मनोनित हुने व्यवस्था विधानमा रहेको छ ।

कार्यसमितिका लागि गोप्य मतदान प्रक्रियाद्वारा साधारण, एशोसिएट, आजीवन र वस्तुगत सदस्यहरुमध्येबाट अध्यक्ष, महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष (महिला आरक्षण) को निर्वाचन गर्नेछ । संघका प्रमुख कार्यकारी निर्देशक सुजन सुवेदीका अनुसार निर्वाचनका लागि एशोसियट क्षेत्रबाट एक जना बहुराष्ट्रिय कम्पनी र हेटौंडा औद्योगिक क्षेत्रभित्रका एक जना अनिवार्यसहित ४ जना, वाणिज्य क्षेत्रबाट २ जना महिला र क्षेत्रगत आरक्षणको रुपमा पश्चिम क्षेत्र समिति, मनहरीबाट एक जनासहित ७ जना, उद्योग क्षेत्रबाट एक जना महिला सहित ४ जना सदस्य निर्वाचित हुने विधानको व्यवस्था रहेको छ ।

त्यस्तै वस्तुगत संघमा ७ सदस्य भएमा एक जना सदस्य, १४ जना भएमा एक/एक जना सदस्य र सचिव र २१ जना भएमा एक/एक जना उपाध्यक्ष, सचिव र सदस्य हुने व्यवस्था रहेको सुवेदीले बताउनुभयो । निर्वाचनका लागि कार्यसमितिको कुल सदस्य संख्या क्षेत्रगत समितिहरुको सदस्य संख्याले निर्धारण गर्ने उहाँले बताउनुभयो ।

स्नातक तहको परीक्षा सुरु

समाज संवाददाता

हेटौंडाः त्रिभुवन विश्वविद्यालयले बुधबारदेखि देशभर स्नातक तह प्रथम वर्षको परीक्षा सुरु गरेको छ । मकवानपुरको हेटौंडा-२ स्थित मकवानपुर बहमुखी क्याम्पस र हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसमा परीक्षा सञ्चालन भइरहेको छ ।

पहिलो दिन मकवानपुर बहमुखी क्याम्पसमा बिजनेस अंग्रेजी विषयको परीक्षा भएको छ । मकवानपुर बहमुखी क्याम्पसका परीक्षा शाखा प्रमुख दिनेश महतले एक सय ५० परीक्षार्थी परीक्षामा सहभागी भएको बताउनुभयो । ८ जना परीक्षार्थी भने परीक्षामा सहभागी नभएको उहाँले जानकारी दिनुभयो ।

वंशगोपाल बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, पालुङ बहुमुखी क्याम्पस, निर्मल बहुमुखी क्याम्पस र मनहरी बहमखी क्याम्पसका विद्यार्थीले मकवानपुर बहुमुखी क्याम्पसमा परीक्षा दिइरहेका छन्। मकवानपुर बहुमुखी क्याम्पसको प्रथम वर्षमा अध्ययनरत् ७ सय ४५ जना विद्यार्थीले भने हेटौंडा क्याम्पसबाट परीक्षा दिइरहेका छन् । परीक्षा पुस २८ गतेसम्म सञ्चालन हुनेछ ।

"उद्योगी व्यवसायीहरुको सामूहिक अपेक्षा,
ऊर्जावान नेतृत्व, व्यावसायिक भरोसा"
वाणिज्य तर्फको
उपाध्यक्ष पदका उम्मेदवार
रामप्रसाद न्यौपाने
लाई विजयी गराऔं ।
कुरामा हैन, काममा विश्वास गर्न संयोजनकारी
भूमिका निर्वाह गर्न सक्ने सरल व्यक्तित्व
रामप्रसाद न्यौपानेलाई वाणिज्य तर्फको
उपाध्यक्ष पदमा मतदान गरी
अत्याधिक मतले विजयी गराऔं ।
-चुनाव प्रचार प्रसार समिति

मकवानपुर
उद्योग वाणिज्य संघको
अध्यक्ष पदको
साझा उम्मेद्वार
Vote
अनिल
अग्रवाल
लाई अत्याधिक मतले
विजयी गराऔं ।

मकवानपुर उद्योग वाणिज्य संघ
मकवानपुर, नेपाल
यही २०८१ पौष २७ गते हुने निर्वाचनमा
वाणिज्य तर्फको
उपाध्यक्ष
पदको उम्मेदवार
VOTE FOR
Vote
राजु अधिकारी
लाई अत्याधिक मतले विजयी गराऔं ।

सम्पादकीय

बेकामे सहकारी बोर्ड

नेपालमा विसं २०१३ सालबाट सहकारीको सुरुवात भएको मानिन्छ । नेपालमा सहकारी संस्था स्थापना भएको ७ दशक पुग्न लागेको छ । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् भने सहकारीको विकास निकै तीव्र गतिमा भएको छ । सरकारले २०४८ सालमा सहकारी ऐन र २०४९ सालमा सहकारी नियमावली ल्याएपछि सहकारी स्थापनाको क्रम निकै तीव्र बनेको हो । सहकारीको विकास र नियमनलाई थप प्रभावकारी बनाउन २०४९ सालमा राष्ट्रिय सहकारी बोर्ड गठन गरियो । सरकारले निजी, सार्वजनिक र सहकारी तीन पक्षलाई आर्थिक समृद्धिको मेरुदण्डको रुपमा स्वीकार गरेपछि सहकारी स्थापनाको क्रमले थप गति लियो । संघीय शासन व्यवस्थासहितको नयाँ संविधान जारी भएपछि सहकारीको अनुमति र नियमनमा प्रदेश र स्थानीय तहलाई पनि अधिकारहरु प्रत्यायोजन गरिएको छ । तल्लो तहसम्म अधिकार दिएर सहकारी अभियानलाई व्यापक बनाइरहँदा पछिल्लो समय ठूलो आर्थिक कारोबार गर्ने कतिपय सहकारी संस्थामा चरम लापरबाहीले थुप्रै सर्वसाधारणको बचत दुरुपयोग भएको छ ।

“सबैका लागि एक, एकका लागि सबै” भन्ने अवधारणाबाट विकास भएको सहकारी न्यून आय भएकाहरुका लागि निकै सहयोगी बनेको छ । विशेषत: ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरणमा सहकारीले योगदान दिँदै आएको छ । समुदायका स-साना बचतहरुलाई स्थानीय तहमा नै जम्मा गरी आवश्यक परेका बखत सरल प्रक्रियाबाट ऋण दिने कार्यले न्यून आयस्तर भएका तथा बैंकिङ क्षेत्रको पहुँच बाहिरका व्यक्ति र समुदाय सहकारीबाट प्रत्यक्ष लाभान्वित भई जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ । सहकारीको विकासका लागि राज्यले आवश्यक संरचनासहित थुप्रै नीतिगत र कानुनी व्यवस्था गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमनको अभावमा सहकारीमा समस्या देखिएको मान्न सकिन्छ । सहकारीको विकासमा थप टेवा पुर्‍याउने उद्देश्यले संघीय सरकारले जस्तै बागमती प्रदेश सरकारले पनि प्रदेश सहकारी विकास बोर्ड गठन गरेको छ । तर, पर्याप्त अधिकार, आवश्यक बजेट र स्वायत्तता दिन नसक्दा प्रदेश सहकारी विकास बोर्ड बेकामे बनिरहेको छ ।

बागमती प्रदेशको सहकारी विकास बोर्डले उद्देश्यअनुसार काम गर्न सकेको छैन । सहकारी क्षेत्रको वृत्ति विकास र कृषि तथा स्थानीय उत्पादनको बजारीकरणमा काम गर्ने उद्देश्यले गठन गरेको बोर्डले खासै काम गर्न सकेको छैन । जिम्मेवारी र अधिकारविहीन बनाइएका कारण बोर्ड अलपत्र बनेको हो । आवश्यक बजेट र जिम्मेवारी पाउन नसकेपछि बोर्ड बेकामे बनेको हो । २०७८ मा प्रदेश सरकारी ऐनअनुसार गठन भएको बोर्डको नाम र कार्यालय भए पनि अधिकार र बजेट कार्यक्रममा स्वायत्तता नदिँदा बोर्डले प्रभावकारी काम गर्न सकेको छैन । सहकारी क्षेत्रका समस्या समाधानसँगै सहकारीको व्यवस्थापनका लागि योजना तयार गर्नुपर्ने दायित्व रहेको बोर्ड सरकारकै खटनमा चल्नुपर्ने बाध्यता बनेको छ । आवश्यक बजेट र कर्मचारीको अभावमा मन्त्रालयले दिएको बजेट र कार्यक्रममै बोर्डका गतिविधि सिमित बनिरहेका छन् ।

कानुनले बोर्डलाई छुट्टै संरचनाको रुपमा व्यवस्था गरेपनि प्रदेश सरकारले स्वायत्तता र अधिकार नदिँदा बोर्ड निष्प्रभावी बनिरहको छ । सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षण, श्रम, सीप, पुँजी एवम् स्रोतलाई एकीकृत गर्दै सहकारीको विकासका लागि प्रोत्साहनमूलक कार्यक्रम गर्नुपर्ने बोर्डले मन्त्रालयले दिएको कार्यक्रममै चित्त बुझाउनु परिरहेको छ । बोर्डका पदाधिकारी र सिमित कर्मचारी पनि अधिकांश समय फुर्सदिला बनेका छन् । मन्त्रालयले सहकारी महाशाखा र बोर्डलाई एकीकृत गरेर अधिकारसम्पन्न बनाउने रणनीति बनाएको भनिए पनि त्यसले कहिले सार्थकता पाउँछ, निश्चित छैन । बोर्ड बेकामे बन्ने र कतिपय सहकारीले सहकारीको मूल्य मान्यताविपरित काम गरेर सर्वसाधारणलाई पीडा दिने अवस्थाले सहकारीप्रतिको विश्वास कम हुँदै गइरहेको छ । प्रदेश सरकारले नाममात्रको बोर्डलाई स्वायत्तता दिएर उचित नियमन गर्न सेमा सहकारीमा व्यथिति र विकृति कम गर्न सहयोग पुग्नसक्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।
वृष : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
मिथुन : विवादास्पद जिम्मेवारी नलिँदा राम्रो हुन्छ ।
कर्कट : परीक्षा प्रतियोगिताबाट सफलता प्राप्त हुनेछ ।
सिंह : साझेदारी कामबाट त्यति लाभ नहुने देखिन्छ ।
कन्या : धार्मिक काममा सरिक भइने समय योग छ ।
तुला : आत्मबल र हिम्मतले काममा पूर्णता होला ।
वृश्चिक : सामाजिक र धार्मिक क्रियाकलापमा सरिक भइने छ ।
धनु : निर्णय गर्ने क्षमतामा वृद्धि हुने समय योग छ ।
मकर : लेखाई–पढाई ठिकै रहने समय योग रहको छ ।
कुम्भ : व्यापार–व्यवसायबाट राम्रो परिणाम प्राप्त हुनेछ ।
मीन : आनन्द र मनोरञ्जन प्राप्त हुने समय योग रहेको छ ।

कांग्रेसको मेलमिलाप कसका लागि ?

✍जनकमान डङ्गोल

प्रत्येक बर्षको पुस १६ गते नेपाली कांग्रेसले मेलमिलाप दिवस मनाउँदै आइरहेको छ । देशको सार्वभौम सत्ताको रक्षाका लागि राजा, अन्य दलहरु समेत मिल्नु पर्छ भनी भारत निर्वासनमा रहेको पार्टीका संस्थापक नेता विश्वेश्वर प्रसाद (बीपी) कोइराला लगायतका नेताहरु राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई भारतबाट स्वदेश फर्किनुभएको दिनको सम्झनामा कांग्रेसले हरेक बर्ष पुस १६ गते मेलमिलाप दिवस मनाउँदै आएको छ । मुलुकको सार्वभौम सत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहनुभएका बीपीको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेत्री शैलजा आचार्य, खुमबहादुर खड्का, रामबाबु प्रसाई, नीलाम्बर पन्थी लगायतका नेताहरु मेलमिलापको नीति लिई करिब आठ बर्ष लामो निर्वासित जीवनपछि भारतबाट २०३३ साल पुस १६ गते स्वदेश फर्किनुभएको थियो ।

नेपाली कांग्रेसले मनाउन लागेको मेलमिलाप दिवस यो ४९ औं पटक हो । कांग्रेसको संस्थापक नेता बीपी कोइरालाले भारत निर्वासनमा रहँदा भोलि देशमा संकट आईलाग्यो भने ‘राजाको गर्धन मुनि मेरो माथि’ हुन्छ भनेर भन्ने गर्नु हुन्थ्यो । तिनै बीपीको भाइ स्व. गिरिजाप्रसाद कोईरालाले दाज्युको आदर्श वाक्यलाई लात हान्दै बिदेशीको इसारामा देश जोड्ने राजतन्त्रलाई हटाई गणतन्त्र लागु गरे ।

हिजो बीपी हुँदा एक ढिक्का भएको कांग्रेस पार्टी गिरिजाको हातमा पार्टीको नेतृत्व आउना साथ लौह पुरुष नामले परिचित स्व. गणेशमान सिंहदेखि सन्त नेता कृष्णप्रसाद भटराईले गिरिजाको उद्दण्ड स्वभावबाट वाक्क दिक्क भएर पार्टी छोड्नु परेको घटना पार्टीका कार्यकर्ताहरुले बिर्सिसकेका होलान् । कम्युनिस्टहरु राजतन्त्रको घोर बिरोधी हुन् । कम्युनिस्टले धर्म, संस्कृति मन पराउँदैनन् । देशलाई एक सुत्रमा बाँध्ने राजतन्त्र र धर्म संस्कृति हो भन्ने ज्ञान हुँदाहुँदै पनि हठी तथा उद्दण्ड स्वभावको नेता गिरिजाले देशमा हत्या र हिंसाको खेति गरेर अराजक मच्चाएका कम्युनिस्ट पार्टीहरुसँग लगन गाँठो कसेर देश जोड्ने राजतन्त्रलाई उखालेर फाले ।

हिजो पंचायती शासनमा एक ढिक्का भएको नेपाली कांग्रेस पार्टी २०४६ सालपछि गुट, उपगुटमा बाँडिदै एउटा गुटले अर्को गुटलाई सिध्याउन कम्मर कसेर लागेका छन् । देशमा अहिले पंचायतदेखि राजतन्त्र समेत छैन । नेपाली कांग्रेस पार्टीले अहिले गर्दै आएको मेलमिलाप कस्का लागि गर्न लागेको हो ? प्रश्न उठाउने कि नउठाउने ? यदि अन्तर्मनदेखि नै मेलमिलाप चाहेको हो भने पार्टीका संस्थापक नेताहरुले देखाएको बाटोमा हिँड्दै नेपाली कांग्रेस पार्टीले देश जोड्ने राजा र राजतन्त्रसँग मेलमिलाप गरेर २०४७ सालको संविधान लागु गराउन सक्नु पर्छ ।

छिमेकी देश भारतको कांग्रेसको प्रतिलिपि हो नेपाली कांग्रेस भनेर धेरैले भन्ने गर्छन् । अहिले छिमेकमा भारतीय कांग्रेसको कन्त बिजोग भएको पनि देखेका छन् । अब पनि मेरो गोरुको बाह्रै टक्का भन्दै हिँड्ने हो र आफ्नै पार्टीमा मेलमिलाप गराउन नसक्ने हो भने भविष्यमा नेपालमा पनि कांग्रेस पार्टी थियो र भन्ने दिन पनि नआउला भन्न सकिँदैन ।

आर्थिक मन्दिमा ठगी कारोबार तथा यसबाट बच्ने कानुनि व्यवस्था र उपाय

✍मोहनप्रसाद ढकाल

सामान्यतया आफ्नो हक नपुग्ने अर्काको सम्पत्ति ललाईफकाई वा जाल परिपञ्च गरी किर्ते काम गरी झुक्याई धोका दिई आफूले लिने खाने कार्य नै ठगी हो । ठगी झुक्याएर, फकाएर गरिने आर्थिक अपराध हो । जबसम्म हामी लोभ, मोहमा रहिरहन्छौं, ठगिने सम्भावना पनि रहिरहन्छ । चोरी अपराधमा व्यक्तिलाई थाहा नदिइकन वा बलपूर्वक अनधिकृत व्यक्तिले सम्पत्ति लिने खाने कार्य हुन्छ भने ठगी अपराधमा व्यक्तिलाई प्रलोभनमा पारी झुक्याइन्छ, फसाइन्छ र पैसा लिने खाने कार्य हुन्छ । नेपालमा सञ्चालित डिजिटल वालेट, ई-सेवा, खल्ती र आइएमई-पेमा पहुँच बनाएर ठगी गर्ने गिरोहले एक पटक प्रयोग गर्न मिल्ने ओटीपी कोड लिएर ठग्ने गरेका छन् । सामाजिक सञ्जाल फेसबुक, इमो, भाइबर, ह्वाट्स एप र इन्स्टाग्राम आजभोलि ठगीको हतियार बन्ने गरेको छ । सामाजिक सञ्जालमार्फत व्यक्तिसँग चिनजान र सम्पर्क गरेर ठग्ने समूहले व्यक्तिको बैंक खाता, खल्ती एप्स, ई-सेवामा पहुँच बनाएर रकम ट्रान्सफर गर्ने गरेका छन् । ‘चिट्ठा परेको छ भनेर भाइबर र ह्वाट्स एपमा फोन गरेर फोटो, नागरिकता, फोन नम्बर र बैंक खाता माग्ने तथा चिट्ठा परेको नक्कली प्रमाणपत्र पठाएर पैसा पाउन ‘राजस्व लाग्छ र बैदेशिक रोजगारीका लागि राम्रो देश पठाइदिन्छु भनी ठग्ने प्रवृत्ति पनि आजभोलि बढेको छ ।

नेपालको प्रचलित कानुन मुलुकी फौजदारी संहिता, २०७४ को परिच्छेद २१ को ठगी आपराधिक विश्वासघात तथा आपराधिक लाभ सम्बन्धी कसुर अन्तर्गतको दफा २४९ सम्बन्धी ठगी अपराधमा कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई, झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा काम गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानी, नोक्सानी वा क्षति पुर्‍याएमा वा आफ्नो वा अरु कसैका लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिनेछ भनी परिभाषित गरेको छ । यसका साथै दफा २५० मा ठेक्का वा करारको काममा फरक पार्न नहुने भनी निर्माणसम्बन्धी काम वा अन्य कुनै काम गर्ने जिम्मेवारी लिएको व्यक्तिले वा निजको प्रतिनिधिले बेइमानीका नियतले निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी वा प्रयोग हुने मालको परिमाण घटीबढी पारी वा अन्य कुनै किसिमबाट निर्धारित गुणस्तरभन्दा फरक पारी निर्माण कार्य वा अन्य काम गर्न वा गराउन हुँदैन, बेइमानीका नियतले कमसल वा घटी परिमाणका माल, वस्तु वा सेवा आपूर्ति गर्न वा अन्य कुनै किसिमबाट तोकिएकोभन्दा फरक गुणको माल, वस्तु वा सेवा उपलब्ध गराउनु हुँदैन भनी यस्तो कार्यलाई समेत ठगीको रुपमा स्वीकारेको छ । त्यस्तै दफा २५१ मा सम्पत्तिको आपराधिक उपयोग गर्न नहुने भनी सम्पत्तिको अपराधिक उपयोग गरेको मानिने कार्यहरु उल्लेख गरिएको छ ।

जसानुसारः

(क) अर्काको सम्पत्ति बेइमानीको नियतले कब्जा गरी उपयोग गरेमा, हानी, नोक्सानी वा हिनामिना गरेमा वा सम्बन्धित व्यक्तिको मञ्जुरीबिना भाडामा लगाएमा वा बेचबिखन गरेमा,

(ख) बेवारिसी सम्पत्ति पाउने व्यक्तिले त्यस्तो सम्पत्तिको धनी थाहा भएर वा त्यस्तो सम्पत्तिको धनी थाहा हुँदाहुँदै वा थाहा पाएपछि पनि मनासिव समयभित्र त्यस्तो धनीलाई त्यस्तो सम्पत्ति फिर्ता नगरी वा सम्पत्ति फिर्ता लिन सूचना नदिई वा त्यस्तो सम्पत्तिको धनीलाई उचित म्यादसम्म नपर्खी बेइमानीपूर्वक त्यस्तो सम्पत्ति आफ्नो निमित्त उपयोग गरेमा वा कुनै प्रकारले रुपान्तरण गरेमा ।

ठगी कसूरमा पर्ने कार्यहरुः

-कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सोबमोजिम नगरेको ।

-कसैले कसैलाई फकाई, झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा काम गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानी, नोक्सानी वा क्षति पुर्‍याएको ।

-कसैले फकाई, झुक्याई वा धोका दिई आफ्नो वा अरु कसैका लागि कुनै लाभ प्राप्त गरेको ।

-निर्माणसम्बन्धी काम वा अन्य कुनै काम गर्ने जिम्मेवारी लिएको व्यक्तिले वा निजको प्रतिनिधिले बेइमानीका नियतले निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी वा प्रयोग हुने मालको परिमाण घटीबढी पारी वा अन्य कुनै किसिमबाट निर्धारित गुणस्तरभन्दा फरक पारी निर्माण कार्य वा अन्य काम गरे गराएको ।

-कसैले बेइमानीका नियतले कमसल वा घटी परिमाणका माल, वस्तु वा सेवा आपूर्ति गर्न वा अन्य कुनै किसिमबाट तोकिएको भन्दा फरक गुणको माल, वस्तु वा सेवा उपलब्ध गराएको ।

-अर्काको सम्पत्ति बेइमानीको नियतले कब्जा गरी उपयोग गरेको, हानि, नोक्सानी वा हिनामिना गरेको वा सम्बन्धित व्यक्तिको मञ्जुरी विना भाडामा लगाएको वा बेचबिखन गरेको ।

-बेवारिसी सम्पत्ति पाउने व्यक्तिले त्यस्तो सम्पत्तिको धनी थाहा भएर वा त्यस्तो सम्पत्तिको धनी थाहा हुँदा हुँदै वा थाहा पाएपछि पनि मनासिव समयभित्र त्यस्तो धनीलाई त्यस्तो सम्पत्ति फिर्ता नगरी वा सम्पत्ति फिर्ता लिन सूचना नदिई वा त्यस्तो सम्पत्तिको धनीलाई उचित म्यादसम्म नपर्खी बेइमानीपूर्वक त्यस्तो सम्पत्ति आफ्नो निमित्त उपयोग गरेको वा कुनै प्रकारले रुपान्तरण गरेको ।

मानिस कसरी ठगिन्छन् ?

-विभिन्न माध्यमबाट नजिकमा आउँछन्, विभिन्न जाल परिपञ्च गर्दछन् ।

-झुट्टा कुरालाई सद्दे कुरा हो भनी विश्वासमा पार्दछन्, भ्रममा पार्दछन् ।

-विभिन्न प्रलोभन देखाई विश्वासमा पार्दछन्, धोका दिन्छन् ।

-ललाईफकाई गर्दछन् र झुक्याउन सफल हुन्छन् ।

-ठगिने सम्भावनादेखि कुनै काम गर्न चाहेमा ठगी गर्ने व्यक्तिले त्यस्तो काम गर्नबाट रोक्छन् ।

-आफ्नो वा अरु कसैको फाइदाको लागि विश्वासमा पारी अर्काको सम्पत्ति लिन खान सफल हुन्छन् ।

-बेइमानीपूर्वक कसैको सम्पत्ति कुनै किसिमले हानी नोक्सानी पुर्‍याउँछन् ।

-आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटेर प्रभावमा पार्दछन् ।

-बालबालिका, होस ठेगानमा नरहेका व्यक्ति, असहाय, निरक्षर वा ७५ वर्ष नाघेका वृद्धलाई ठगी गर्ने कार्यमा प्रयोग गर्न सक्छन् ।

-बेइमानीका नियतले निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी घटी बढी वा फरक पारी निर्माण कार्य वा अन्य काम गरी गराई फाइदा लिन्छन् ।

-बेइमानीका नियतले कमसल वा घटी परिमाणका माल, वस्तु वा सेवा आपूर्ति गर्दछन् वा अन्य कुनै किसिमबाट तोकिएको भन्दा फरक गुणको माल, वस्तु वा सेवा उपलब्ध गराई फाइदा लिन्छन् ।

-अर्काको सम्पत्ति बेइमानीको नियतले विश्वासमा पारी कब्जा गरी उपयोग गर्दछन् ।

-अर्काको सम्पत्ति हानी, नोक्सानी वा हिनामिना गर्दछन् वा सम्बन्धित व्यक्तिको मञ्जुरीविना भाडामा लगाउँछन् वा बेचबिखन गर्दछन् ।

-बेवारिसी सम्पत्ति प्राप्त गरेको अवस्थामा त्यस्तो सम्पत्तिको धनी थाहा भएर वा थाहा हुँदाहुँदै वा थाहा पाएपछि पनि मनासिव समयभित्र त्यस्तो धनीलाई त्यस्तो सम्पत्ति फिर्ता नगरी आफै राख्दछन् वा सम्पत्ति फिर्ता लिन सूचना नदिई वा त्यस्तो सम्पत्तिको धनीलाई उचित म्यादसम्म नपर्खी बेइमानीपूर्वक त्यस्तो सम्पत्ति आफ्नो निमित्त उपयोग गर्दछन् वा कुनै प्रकारले रुपान्तरण गर्दछन् ।

ठगीका प्रकारहरु :

ठगीबाट असर पर्ने व्यक्ति वा पीडित तथा ठगिने प्रक्रियालाई आधार मान्दा ठगीलाई निम्नलिखित प्रकारमा विभाजन गर्न सकिन्छः

-व्यक्ति-ब्यक्तिबीच हुने ठगीहरु (मुलुकी अपराध संहिता ऐन २०७४ आकर्षित हुने)

-झुठो कुरालाई सद्दे हो भनेर झुक्यानमा पारी ठगी गर्दछन् । जस्तैः पित्तललाई सुन, कुनै ढुंगालाई अमूल्य पत्थर, कुनै चिजलाई स्यालको सिङ, गौलोचन, नागमणि आदि । कुनै चिजलाई अमूल्य चिज हो घरमा राख्दा लक्ष्मी, सरस्वतीले बास गर्दछन्, नित्य पूजा आराधना गर्दा यस्तो फलिफाप हुन्छ आदि ।

-मालवस्तु दिने अधिकार नभएको मानिसले माल वस्तु दिन्छु भनेर ठगी गर्दछन् ।

-विभिन्न अबसरहरुको उपयोग गराइदिन्छु भनेर ठगी गर्दछन् । जस्तैः जागिर लगाइदिन्छु, प्रेमी-प्रेमिका उपरको सम्बन्ध सुधार गराइदिन्छु, परीक्षामा पास गराइदिन्छु आदि ।

-विभिन्न सद्दे वा कीर्ते लिखतहरु देखाई त्यसको आधारमा ठगी गर्दछन् । जस्तैः विशिष्ट व्यक्तिहरुसँगको फोटो देखाइन्छ, प्रमाणपत्र, प्रशंसा तथा सम्मानपत्र आदि प्रदर्शन गरिन्छ र विश्वासमा पारी ठगी गरिन्छ ।

बैंकिङ ठगी (बैंकिङ कसुर तथा सजाय ऐन २०६४ आकर्षित हुने)

-आफ्नो पर्याप्त निक्षेप नहुँदा नहुँदै चेक काटेर दिई त्यसैको आधारमा ठगी गर्दछन् ।

-कमसल धितोको अत्यधिक मूल्यांकन गरी गराई मिलेमतोबाट ठूलो मात्रामा कर्जा लिई दिई ठगी गर्दछन्,

-विभिन्न नक्कली इलेक्ट्रोनिक कार्डहरुको माध्यमबाट रकम लिई ठगी गर्दछन् ।

-नक्कली कागजातहरु तयार पारी ठगी गर्दछन् आदि ।

बीमा ठगी (बीमा ऐन २०४९ आकर्षित हुने)

...बाँकी पृष्ठ ३ मा

आर्थिक मन्दिमा...

-अरुको नाममा बीमा गरी ठगी गर्दछन् ।

-वास्तविक स्थितिलाई लुकाई बनावटी वस्तुको बीमा गरी दावी भुक्तानी लिई ठगी गर्दछन् ।

-बीमित वस्तु वा चिजको वास्तविक क्षतिभन्दा ज्यादा क्षति भएको देखाई ज्यादा भुक्तानी लिई ठगी गर्दछन् ।

- घटना घटी सकेपछि बीमा गरी गराई नक्कली कागजातहरुको आधारमा भुक्तानी लिई ठगी गर्दछन् आदि ।

वैदेशिक रोजगारसम्बन्धी ठगी (वैदेशिक रोजगार ऐन २०६४ आकर्षित हुने)

-वैदेशिक रोजगारीमा जाँदा लाग्ने दस्तुर र चार्जभन्दा ज्यादा रकम लिई ठगी गर्दछन् ।

-एउटा काममा भनेर अर्कै काममा लगाउने र सम्झौताभन्दा कम पारिश्रमिक दिई ठगी गर्दछन् ।

-इजाजत नै नभएको मुलुकमा रोजगारीका लागि लैजाने भनी रकम लिई ठगी गर्दछन् ।

-रोजगारीमा जाने मानिसले पाएको पारिश्रमिकबाट रकम कट्टा गरी कम रकम दिई ठगी गर्दछन् आदि ।

नेटवर्किङ व्यवसायसम्बन्धी ठगी (मुलुकी अपराध संहिता ऐन २०७४ आकर्षित हुने)

-पिरामिड बनावटमा रहेर रकम संकलन गरी ठगी गर्दछन् ।

-सर्वसाधारणलाई झुक्यानमा पार्ने योजनाहरु बनाई फकाउँछन् र ठगी गर्दछन् ।

-कुनै नेटवर्किङ व्यवसायमा सामानहरु अत्यधिक मूल्यमा बेची ठगी गर्दछन् ।

-कुनै कानूनी आधार बिना नै व्यवसाय सञ्चालन गरी ठगी गर्दछन् आदि ।

साईबर ठगी-विद्युतीय कारोबार ऐन २०६३ आकर्षित हुने)

-सामाजिक सञ्जालमार्फत साथी बन्ने, विश्वासमा पार्ने, च्याट गर्ने, फोटो र भिडियो सेयर गर्ने ।

-साथी बनाएर पैसा माग्ने, धोका दिने, फोटो र भिडियो शेयरपछि ब्लाकमेलिङ गर्ने ।

-धनी तथा ठूलो देशको नागरिक भएको, नेपालीहरु मनपर्ने, तपाईंको विवरण मन पऱ्यो, म तपाईंलाई माया गर्छु आदि भनी लोभ्याउने र साथी बनाउने, सबै वास्तविकता पत्ता लगाएपछि वा विदेशबाट धेरै पैसासहित नेपाल घुम्न आउँदा कतै पक्राउ परेको, सामानको भन्सार गर्न नेपाली पैसा चाहिने भनी लोभ्याउने ।

-धेरै पैसा वा उपहार तपाईंलाई हात लाग्यो, तपाईंलाई भिसा लाग्यो, बधाई छ भनी लोभ्याउने र प्रलोभनमा परेको थाहा पाएपछि सोको प्रक्रिया पूरा गर्न भनी विस्तारै-विस्तारै विश्वासमा लिदैं पैसा असुल्ने ।

-साथी बनेको व्यक्तिले उपहार पठाइदिन्छु भन्ने र केही दिनपछि अर्कोले तपाईंको उपहार आएको छ भनी विदेशबाट फोन गर्ने वा म्यासेज गर्ने र भन्सार राजस्वको लागि मात्र भनी पैसा माग्ने ।

-बैंकमा रहेको अर्काको खाताबाट अनलाईन पैसा ट्रान्सफर गर्ने, लोभ तथा विश्वासमा पारी अन्य व्यक्तिको खातामा ठगी गरेको पैसा हाल्न लगाउने र सम्बन्धितलाई समेत केही रकम दिई अरु पैसा लिने ।

ठगीबाट कसरी जोगिने ? सजगताको पाटो के हुनसक्छ ?

सामान्यतया ठगहरुले आफ्नो अपराध कार्यविधिलाई समय र आफ्नो सफलताअनुसार फेरबदल गर्दै पीडितले कुनै चाल नपाउने गरी चलाखीपूर्वक ठग्ने जाल बिछ्याउने गर्दछन् । सोझासाझा व्यक्तिहरु त्यस्तो जालमा पर्दछन् र ठगिने गर्दछन् । ठगीबाट बच्नका लागि पहिला त के-के कार्यहरु गरे गराएमा प्रचलित कानूनले ठगी अपराध मानेको छ भनी बुझ्न जरुरी हुन्छ, जुन कुराहरु हामीले माथि उल्लेख गरेका छौं । अर्को कुरा विभिन्न सञ्चारमाध्यममा आएका ठगीसम्बन्धी समाचारहरुलाई, नेपाल प्रहरीको वेबसाईटमा भएको ठगी अपराधबारेको प्रकाशन आदिलाई अध्ययन, विश्लेषण गरेर आफ्नो र समाजको सुरक्षा गर्नुपर्दछ । आफ्ना परिवारहरुमा समेत समाज तथा देशमा भएका ठगीका कुराहरु शेयर गर्ने बानी बसाल्नुपर्दछ ।

ठगीबाट जोगिन मूल मन्त्र भनेकै लोभ र अस्वाभाविक विश्वास नगर्नु हो । त्यसका अतिरिक्त,

-कोही मानिस कुनै कामको बहाना पारेर नजिकमा आउन खोज्दैछ भने शंका गर्नुपर्दछ ।

-सजिलै प्राप्त नहुने सेवा वा सुविधा सहजै प्राप्त भएमा शंका गर्नुपर्दछ ।

-बढी मोल पर्ने चिज कम मोलमा प्राप्त भयो भने शंका गर्नुपर्दछ ।

-आफूसँग आएको मान्छेले कुनै प्रलोभन देखाएमा शंका गर्नुपर्दछ ।

-कसैले अस्वाभाविक चालढाल, व्यवहार प्रदर्शन गरेमा शंका गर्नुपर्दछ ।

-कुनै चिज बस्तुमा आफूलाई एकिन छैन भने विश्वास गर्नु हुँदैन, एक्लै कारोबार गर्नु हुँदैन ।

-कुनै चिज लिनुपर्ने भएमा कानूनबमोजिमको दर्ता, बिल आदि खोज्नुपर्दछ ।

-तपाईंले इच्छा नराख्दा पनि बढी बल गरेमा वा फकाउन वा प्रलोभनमा पार्न खोजेमा शंका गर्नुपर्दछ ।

-तपाईं आफूले ठग हो कि भनी कुनै काम गर्न खोज्दा रोक्न चाह्यो भने शंका गर्नुपर्दछ ।

-आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटेर प्रभावमा पार्न सक्ने हुनाले त्यसको परीक्षण गर्नुपर्दछ ।

-बालबालिका, होश ठेगानमा नरहेका व्यक्ति, असहाय, निरक्षर वा ७५ वर्ष नाघेका वृद्धलाई ठगी गर्ने कार्यमा प्रयोग गर्न सक्छन् । त्यस्ता संरक्षित समूहलाई विशेष निगरानी राख्नुपर्दछ ।

-निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी घटी बढी वा फरक पारी निर्माण कार्य भएको नभएको एकिन गर्नुपर्दछ ।

-कमसल वा घटी परिमाणका माल, वस्तु वा सेवा आपूर्ति गर्न सक्ने हुँदा एकिन गर्नुपर्दछ ।

-तोकिएकोभन्दा फरक गुणको माल, वस्तु वा सेवा उपलब्ध गराई फाइदा लिन सक्ने हुँदा सजग भइरहनुपर्दछ आदि

तसर्थ माथि उल्लिखित सजगताका केही आधारहरुलाई हृदयंगम गरी ठगीका वर्तमान अवस्थाहरुबारे मनन् गर्दै आफ्नो सजगताको स्तरलाई अभिवृद्धि गर्नु नै ठगीबाट बच्ने उपाय हो । (ढकाल अधिवक्ता एवम् मेलमिलापकर्ता हुनुहुन्छ ।)

श्री जनप्रिय माध्यामिक विद्यालय

(प्राविधिक शिक्षालय)
हेटौंडा १६, हटिया चिसापानी

प्रशिक्षक आवश्यकता

(सूचना प्रकाशित मिति : २०८१/०९/१८ गते)

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुर हेटौंडामा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाको मिति २०८१।०९।१७ गतेको च.नं ४२१ को विज्ञापन अनुमतिपत्र अनुसार कक्षा ९-१२ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सम्बन्धनमा प्राविधिक धार बालीविज्ञान विषयको अध्यापनको लागि करार सेवामा १ (एक) जना पूर्णकालीन प्रशिक्षक (मा.वि. द्वितिय श्रेणीमा) पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा तपसिल बमोजिमको आधारमा दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र)दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आह्वान गरिएको छ ।

तपसिल :
विज्ञापन नं.: ४/८१-८२
पद: बाली विज्ञान प्रशिक्षक (मा.वि. द्वितिय श्रेणी)
सेवा: करार
संख्या: १ (एक)
शैक्षिक योग्यता: बाली विज्ञान विषयमा (M.Sc. Ag) स्नातकोत्तर उत्तीर्ण गरेको वा बाली विज्ञान विषयमा (B.Sc. Ag) स्नातक उत्तीर्ण गरी एक वर्षको कार्य अनुभव भएको हुनुपर्ने छ ।
उमेर: २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।

दरखास्त दिने अन्तिम मिति: २०८१/१०/०३ गते, फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।
सम्पर्क मिति: २०८१/१०/०४ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ ।

संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू :
एस एल सी/एसइई देखि माथिका सबै तह उत्तीर्ण लब्धाकंपत्र एवं चारित्रिक प्रमाणपत्रको वा सो सरहको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु २/२ प्रति, नेपाली नागरिकताको प्रतिलिपी २ प्रति ।
नोटरी प्रमाणित गरेको हुनुपर्नेछ ।
साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. १५००/- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक दाखिला गरेको भौचर संलग्न राखि बुझाउनुपर्नेछ ।

सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५
शिक्षक छनौट समिति
श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौंडा १६, हटिया चिसापानी

पिपलबोट बचत तथा ऋृण सहकारी संस्था लि.को

१४ औँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस पिपलबोट बचत तथा ऋृण सहकारी संस्था लि. को २०८१/०८/१९ गते बुधबारको दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १४ औँ वार्षिक साधारण सभा तपसिल बमोजिम गर्ने भएकोले तोकिए अनुसार शेयर सदस्य ज्यूहरुको सक्रिय सहभागिताका लागि हार्दिक आमन्त्रण गर्दछौँ ।

साधारण सभामा छलफलका विषयहरू:
१) आ.व. २०८०/२०८१ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८१/२०८२ को आर्थिक बजेट सम्बन्धमा,
२) आ.व. २०८०/२०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पास गर्ने सम्बन्धमा,
३) आ.व. २०८१/२०८२ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
४) संचालक समिति, ऋृण समिति एवम् लेखा समितिको निर्वाचन गर्ने सम्बन्धमा,
५) सल्लाहकार गठन गर्ने सम्बन्धमा,
६) निति, कार्यविधि तथा निर्देशिका पारित तथा अनुमोदन सम्बन्धमा,

कार्यक्रम
मिति: २०८१ पुस २० गते शनिबार
समय: बिहान ८:०० बजे
स्थान: बालकुमारी पार्टी प्यालेस हेटौंडा–४, गरुडपथ ।

अमेरिकामा नयाँ वर्ष मनाइरहेको भीडमा कार कुदाइयो

काठमाडौं : अमेरिकाको न्यु अर्लियन्समा नयाँ वर्ष मनाइरहेका मानिसहरूको भीडमा कार कुदाउँदा कम्तीमा १० जनाको मृत्यु भएको छ। घटनामा ३० जना घाइते भएका सीएनएनले जनाएको छ।

न्यु अर्लियन्सको बर्बन स्ट्रिटमा नयाँ वर्ष मनाइरहेको भीडमा कार जोताएलगत्तै चालक कारबाहिर निस्केर गोली प्रहार गर्न सुरू गरेका थिए । त्यसलगत्तै प्रहरीले उनलाई लक्ष्य गरी जवाफी फायर गरेको थियो। गोली लागेका दुई प्रहरी अधिकारी घाइते भएका न्यु अर्लीयन्सका प्रहरी प्रमुखले जनाएका छन्। प्रहरी प्रमुख एनी किर्कप्याट्रिकले सन्दिग्ध आक्रमणकारीले तयारीका साथ भीडमा गाडी चलाएको बताइन्। 'उसले सकेसम्म धेरै मानिसहरूमाथि गाडी कुदाउने प्रयास गरेको थियो,' उनले भनिन्।

घटनाबारे संघीय जाँच ब्युरो (एफबीआई)ले अनुसन्धान सुरु गरेको जनाइएको छ। एफबीआईका विशेष एजेन्ट अल्थिया डन्कनले घटनास्थलमा सम्भावित विस्फोटक उपकरण फेला पारेको बताएका छन्। *स्रोतः इकान्तिपुर।*

हेटौंडामा त्रिशक्ति पब्लिक लिमिटेडको शाखा

समाज संवाददाता

हेटौंडा : सेयर कारोबार गर्ने त्रिशक्ति सेक्युरिटी पब्लिक लिमिटेडको शाखा हेटौंडामा सञ्चालनमा आएको छ । हेटौंडा-४, पारिजातपथमा त्रिशक्ति पब्लिक लिमिटेडको शाखा सञ्चालनमा आएको हो। बुधबार एक समारोहकाबीच बागमती प्रदेशका अर्थ सचिव कृष्ण प्रसाद मैनालीले त्रिशक्ति पब्लिक लिमिटेड शाखाको उद्घाटन गर्नुभएको हो ।

प्रदेशका अर्थ सचिव मैनालीले हेटौंडामा शाखाको उद्घाटन गर्नुभएसँगै चौथो शाखाको रुपमा स्थापना भएको छ। शाखाको केन्द्रीय कार्यालय काठमाडौंको पुलतीसडकमा रहेको कम्पनीका प्रबन्ध सञ्चालक गोविन्द दहालले जानकारी दिनुभएको छ। पब्लिक लिमिटेड कम्पनिले आफ्नो शाखामा प्रशिक्षार्थीको रुपमा काम सिकाएर रोजगारीको अवसर पनि प्रदान गर्ने गरेको प्रबन्ध सञ्चालक दहालले बताउनुभयो ।

शेयर खरिद विक्री तथा निपेक्ष सदस्य सेवा प्रदान गर्ने उद्देश्यले हेटौंडामा शाखा स्थापना गरिएको उहाँले बताउनुभयो । कम्पनीमा हाल ६ जना प्रशिक्षार्थीको रुपमा काम सिकिरहेका छन् भने १२ जना जति कर्मचारीले पनि काम गरिरहेको उहाँले बताउनुभयो। हेटौंडाको पब्लिक लिमिटेड शाखाबाट टिएमएस रजिष्ट्रेसन पूर्णरुपमा कागज प्राप्त भएको २४ घण्टामा टिएमएस आइडी उपलब्ध गराउन सकिने, शेयर खरिद र विक्री अनलाईनको सेवा लिन सकिने, शेयर विक्रिको भुक्तानी कारोबार भएपछिको ३ कार्य १ दिनमा विक्री गर्न सकिने र पूर्णरुपमा कागजात प्राप्त भएको १० मिनेटभित्र डिम्याट खाता खोली शेयर सेवा प्राप्त गर्न सकिने उहाँको भनाई छ।



नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।

हार्दिक श्रद्धाञ्जली

स्व. दिलमाया श्रेष्ठ
स्वर्गारोहण:
२०८१ पौष ८ गते

यस मकवानपुर बहुमुखी क्याम्पसका सञ्चालक समितिका कोषाध्यक्ष हिरालाल श्रेष्ठ ज्यूको ममतामयी माता स्व. दिलमाया श्रेष्ठको यहि मिति २०८१ साल पौष ८ गतेका दिन ९९ वर्षको उमेरमा निधन भएकाले शोक सन्तप्त परीवारजनमा गहिरो समवेदना प्रकट गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

मकवानपुर बहुमुखी क्याम्पस परिवार

Reg No. : 2/145(131)056/057 Pan : 301498021
बचत गरौं ,ढुक्कले बाचौं

सुचना । सुचना ।। सुचना ।।।

यस संस्थाको २५ औं बार्षिक साधारण सभा तपशिल मिति समय र स्थानमा हुने भएकाले उक्त साधारणसभामा यहाँहरूको अनिवार्य उपस्थितीको लागी हार्दिक आमन्त्रण गर्दछौं ।

तपशिल : साधारणसभामा परिचय पत्र सहित स्वयम् शेयर सदस्य उपस्थित हुनुपर्ने छ ।

मिति : २०८१ पौष २० गते शनिवार
समय : बिहान १० बजेदेखी
स्थान : श्री नवज्योती मा.बी.को प्राङगढ हेटौडा ७ नागस्वती

बचत गरौ दुक्कले बाचौ ।
हेटौंडा बचत तथा ऋृण सहकारी संस्था लि
Hetauda Saving & Credit Co-Operative Ltd

सेवा केन्द्र कमाने ०५७ ४१२४२५ चिसापानी ०५७ ५२०५२८ हेटौडा बजार ०५७ ५९१४२६
Gmail : Hetauda.saving@gmail.com मुख्य कार्यालय : हेटौडा ७ नागस्वती ०५७ ५२०४२६ ,५२०५२६

प्रदेश लिग फुटबल

दोलखा फाइनलमा प्रवेश

प्रदेश लिग फुटबलमा फाइनलमा प्रवेश गर्ने दोलखाको टिम

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लाको टाइगर टिम तिखाताल हेटौंडामा जारी दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बुधबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा दोलखाको टाइगर टिम तिखातालले सिन्धुलीको ब्लुअल्पाइन क्लबलाई २-१ गोल अन्तरले पराजित गरेको हो।

दोलखाको जीतमा मिलन श्रेष्ठले पहिलो हाफको ३१ मिनेटमा गोल गर्दै पहिलो अग्रता दिलाएका थिए। दोस्रो हाफको ५६ मिनेटमा सिन्धुलीको तर्फबाट सञ्जीव धामीले गोल फर्काउँदै खेललाई १/१ गोलको बाराबरीको स्थितिमा पुऱ्याएका थिए। दोलखाका शम्भुजन श्रेष्ठले दोस्रो हाफको ६४ मिनेटमा गोल गर्दै टिमलाई जीत दिलाएका हुन्।

खेलको म्यान अफ द म्याच घोषित हुँदै दोलखाका उत्तम खत्रीले ३ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गरेका छन्। प्रतियोगिता अन्तर्गत आज बिहीबार सेमिफाइनल चरणको अन्तिम खेलमा ललितपुर फुटबल क्लब र काठमाडौंको चित्लाङ फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ। बिहीबारको खेलको विजेता टिमले शनिबार हुने फाइनल खेलमा उपाधिका लागि दोलखाको टिमको सामना गर्नुपर्नेछ।

प्रतियोगिता ११ जिल्लाको लिग विजेता टिमहरुको सहभागिता रहेको थियो। प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा), प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको सहयोगमा पुस १० गतेबाट सुरु भएको प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाको पनि सहयोग रहेको छ।

सहकारी संघद्वारा विभिन्न प्रतियोगिता आयोजना

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडले विभिन्न प्रतियोगिताहरु आयोजना गरेको छ। संघको २० औं स्थापना दिवसको अवसरमा निबन्ध, वक्तृत्वकला र हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको हो।

हेटौंडा-२, शान्तिपथस्थित संघको कार्यालय परिसरमा सञ्चालन भइरहेको सहकारी तथा सहकारी सदस्यहरुद्वारा उत्पादित वस्तु प्रदर्शनी तथा बिक्री मेलासँगै विभिन्न प्रतियोगिता गरेको हो। ३ दिनसम्म सञ्चालन हुने मेलाको पहिलो दिन मंगलबार हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो।

हाजिरीजवाफ प्रतियोगितामा सृजनशील समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मकवानपुरगढी-४ का सन्देश परियार, निलम पाखिन र विजयकुमार चौलागाईंको समूह प्रथम भएको छ। हेटौंडा उपमहानगरपालिका-७ स्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका निश्चल भट्ट, रीता पौडेल र रोजिता दंगालको समूह द्वितीय भएको छ।

हाजिरीजवाफमा हेटौंडा-२ को हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मनोज दहाल, बसन्ती मैनाली र निशान सापकोटाको समूह तृतीय हुन सफल भएको छ। जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मकवानपुर गढी-३ को मेनुका दाहाल, पवित्रा भट्टराई र सुमित्रा दुलालको समूह सान्त्वना भएको हो। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुन सफल समूहलाई क्रमशः ७ हजार, ५ हजार, ३ हजार र २ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको छ।

यस्तै, दोस्रो दिन बुधबार निबन्ध प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ। निबन्ध प्रतियोगितामा हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टमा अध्ययनरत छात्रा प्रतिमा भट्टराई प्रथम, हेटौंडा-१३ स्थित पदमपोखरी बहुमुखी क्याम्पसमा अध्ययनरत् छात्रा रेश्मा श्रेष्ठ द्वितीय, हेटौंडा स्कूल अफ म्यानेजमेन्टकै शालिना धिताल तृतीय र हेटौंडा–२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा अध्ययनरत् छात्रा जमुना थिङ सान्त्वना हुन सफल भएकी छिन्।

वक्तृत्वकला प्रतियोगितामा साइराम बचत तथा ऋण सहकारी संस्थाका डीबी बर्तौला प्रथम, जागरण बचत तथा ऋण सहकारी संस्थाकी सरिता विश्वकर्मा द्वितीय भएका छन्। मनहरी बचत तथा ऋण सहकारी संस्थाका बलराम बानियाँ तृतीय र सृजनशील समाज बचत तथा ऋण सहकारी संस्थाका सर्कलाल लो सान्त्वना हुन सफल भएका छन्।

निबन्ध प्रतियोगितामा ४ वटा क्याम्पसका ८ जना विद्यार्थी सहभागी भएका छन्। वक्तृत्वकला प्रतियोगितामा ११ वटा सहकारी संस्था र हाजिरीजवाफ प्रतियोगितामा १० वटा सहकारी संस्थाले सहभागिता जनाएका छन्। जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षतामा पुरस्कार वितरण गरिएको हो।

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-

सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

गैंडाको आक्रमणबाट दिलमाया घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-६, लोथर खोलामा गैंडाको आक्रमणबाट एक जना महिला घाइते भएकी छन्। बुधबार बिहान ८ बजेर ३० मिनेटको समयमा लोथर खोला नजिक रहेको लामेदमार मध्यबर्ती सामुदायिक वनमा गैंडाले आक्रमण गर्दा चितवनको राप्ती नगरपालिका-१, दुबिचौरकी ७० वर्षीया दिलमाया स्याङ्तान घाइते भएको जिल्ला प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

गैंडाको आक्रमणबाट महिला घाइते भएको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी सुनाचुरीबाट प्रहरी टोली खटी गई हेर्दा बुझ्दा स्याङ्तान वनमा घास काट्न तथा गोबर टिप्न गएको बुझिएको प्रहरीको भनाइ छ।

घाइते महिलालाई उपचारका लागि चितवनतर्फ लगिएको छ। स्थानीयले होहल्ला गरेपश्चात् गैंडा जंगलतर्फ भागेको प्रहरीले जनाएको छ।

नेपालमा होटल तथा रेस्टुरेन्टको संख्या १ लाख ४२ हजार

काठमाडौंः नेपालमा हाल सञ्चालनमा रहेका आवास तथा भोजन सेवासँग सम्बन्धित प्रतिष्ठानको संख्या करिब डेढ लाख हाराहारी देखिएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण २०८० ख प्रतिवेदनअनुसार आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानको संख्या एक लाख ४२ हजार दुई सय २३ छ। सबैभन्दा धेरै बागमती प्रदेशमा ५२ हजार एक सय २३ वटा होटल तथा रेस्टुरेन्ट रहेका छन् भने सबैभन्दा कम कर्णाली प्रदेशमा सात हजार एक सय १० रहेको छ।

त्यस्तै, कोशीमा २५ हजार आठ सय ८७, मदेशमा ११ हजार सात सय ४०, गण्डकीमा १६ हजार नौ सय ७६, लुम्बिनीमा २० हजार एक सय ५८ र सुदूरपश्चिममा आठ हजार दुई सय २८ छ। अध्ययन प्रतिवेदनअनुसार यस्ता प्रतिष्ठानमा संलग्न व्यक्तिको संख्या तीन लाख ८७ हजार सात सय ४७ रहेको छ।

यो होटल तथा रेस्टुरेन्ट व्यवसायमा रहेका व्यवसायी तथा साझेदार, वेतलबी पारिवारिक सदस्य र तलबी रोजगार व्यक्तिको संख्या हो। यो क्षेत्रबाट प्रत्यक्ष रोजगार पाएका व्यक्तिको संख्या एक लाख छ हजार चार सय ५९ छ। होटल तथा रेस्टुरेन्टले कर्मचारीको वार्षिक तलब, ज्याला तथा सुविधामा २० अर्ब ६१ करोड ५० लाख खर्च गर्ने गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ। आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमा करिब दुई खर्ब १६ अर्ब ७३ करोड ८३ लाख बराबर लागत रहेको र करिब रु तीन खर्ब २६ अर्ब एक करोड चार लाख मूल्य बराबरको सेवा उत्पादन गरेको प्रतिवेदनमा उल्लेख छ। यसअनुसार आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानले नेपालको अर्थतन्त्रमा करिब एक खर्ब नौ अर्ब २७ करोड एक लाख बराबरको मूल्य अभिवृद्धि (भ्यालु एड) गरेको देखिन्छ। *(स्रोतः कारोबारदैनिक)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

प्रदेश सिटीइभिटीकी निर्देशक लामाले लिइन् सपथ

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

कार्यकारी निर्देशक लामालाई सपथ गराउनुहुँदै मन्त्री खड्गी।

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सिटीइभिटी) को प्रमुख कार्यकारी निर्देशक शान्ति लामाले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ। बुधबार प्रदेशकी सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले निर्देशक लामालाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुभएको हो।

पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले लामालाई प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को प्रमुख कार्यकारी निर्देशक नियुक्त गर्ने निर्णय गरेको थियो। उक्त निर्णय अनुसार नियुक्त हुनुभएकी नुवाकोट जिल्लाको म्यागङ गाउँपालिका-४ की लामालाई बुधबार सपथ ग्रहण गराइएको हो। लामा नेपाली कांग्रेस नुवाकोटको महाधिवेशन समिति सदस्य हुनुहुन्छ भने २०७४ को स्थानीय तह निर्वाचनमा म्यागङ गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित भएको थियो।

गैंडाको आक्रमणबाट वृद्धाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनको रत्ननगर नगर पालिका-१३, जयमंगलामा गैंडाको आक्रमणबाट घाइते वृद्धाको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा रत्ननगर नगर पालिका-१६ की ७० वर्षीया कृष्णकुमारी थापा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मंगलबार अपराह्न १ बजेतिर गैंडाको आक्रमणबाट मृतक कृष्णाकुमारीसँगै ६ जना घाइते भएको थिए। रत्ननगर नगर पालिका-१६ का डम्मरबहादुर थापा, रत्ननगर नगरपालिका-१२ का ७२ वर्षीय चेतनाथ चौलागाईं, ३९ वर्षीया सीता, पोखरेल, २५ वर्षीया पुजन बिक र रत्ननगर नगरपालिका-१४ की ६० वर्षीया मिना गुरुङ घाइते भएका थिए। घाइते ५ जनालाई उपचारका लागि भरतपुर अस्पताल र एक जनालाई चितवन मेडिकल कलेज लगिएको थियो।

घाइते कृष्णाकुमारीको भरतपुर अस्पतालमा उपचारको क्रममा दिउँसो २ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। गैंडाले सोही स्थानमा रोकी राखेको बा ५ च ९३१९ नम्बरको कारमा समेत क्षति पुऱ्याकएको छ।

लटारम्भेश्वरको भिरमा फेसेका चार जनाको उद्दार

समाज संवाददाता

हेटौंडाः मकवानपुरका भीमफेदी गाउँपालिका-८ स्थित लटारम्भेश्वर महादेव मन्दिर जानेक्रममा भिरमा फेसेका चार जनाको सेना र प्रहरीले उद्दार गरेका छन्। मंगलबार बिहान १० बजेर १० मिनेटको समयमा मन्दिरमा जाने क्रममा काठमाडौं महानगरपालिकाका ४ जना तारेभिरमा फसेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

भिरमा फेसेको खबरपश्चात् इलाका प्रहरी कार्यालय र महादेवटारस्थित नेपाली सेनाको वेश क्याप्पबाट गएको टोलीले मंगलबार साँझ ५ बजेको समयमा उद्दार गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ। प्रहरीका अनुसार काठमाडौं महानगर पालिका-२ की ३६ वर्षीया मधुलिका सिंह ठकुरी, २४ वर्षीय पुकार सिलवाल, ३५ वर्षीया निर्जला शाक्य र ३४ वर्षीया सिर्जना महर्जनलाई उद्दार गरिएको हो।

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौँडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर
६ वटा चार्जिङ युनिटसहित
सम्पर्कः ९८५५०६८८७३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ